शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा, कपिलवस्तु, नेपाल

पत्र संख्या: २०८३।८४
चलानी नम्बर : ८४९

मिति : २०८३।०८।०२

श्री सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय सबै,

शिवराज नगरपालिका।

विषय: राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता,२०८३ मा खेलाडी सहभागी हुने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा नगर खेलकूद विकास समितिको आयोजनामा मिति २०८३।०९।०१ गतेदेखि १० गतेसम्म राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता-२०८३ संचालन गरिने भएको हुँदा बिद्यालयले देहाय बमोजिम तोकिएका खेलहरुमा मिति २०८३।०८।२५ गतेभित्र सहभागी हुने खेल तथा खेलाडीको नामावली दर्ता गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै उद्घाटन समारोहमा उत्कृष्ट मार्चपास प्रदर्शन गर्ने विद्यालयलाई पुरष्कृत गरिने ब्यहोरा समेत अनुरोध छ।

तपसिल:

१. भलिवल (छात्र छात्रा)

२. एथलेटिक्स तर्फ (छात्र छात्रा)

क. दौड १०० मिटर, २०० मिटर, ४०० मिटर, ८०० मिटर, १५०० मिटर, ४× १०० मिटर रिले र ४× ४०० मिटर रिले

ख. हाईजम्प, लङ्गजम्प, ट्रिपलजम्प, सटपुट र ज्याब्लिङ्ग थ्रो (छात्र छात्रा)

३. मार्सल आर्ट:

क. कराँते (छात्र):U-42kg, U-47kg, U-52kg, U-57kg, र U-62kg कराँते (छात्रा): U-40kg, U-45kg, U-50kg, U-55kg, र U-60kg

ख. उसु (छात्र) :Chang Quan, Nan Quan, and Taiji Quan
(छात्रा): Chang Quan, Nan Quan, and Taiji Quan

ग. सान्सौ (छात्र) 42 kg, 45 kg, 48 kg
(छात्रा) 42 kg, 45 kg, 48 kg

४. कपर्दी (छात्र छात्रा)

नोट:

१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा माध्यमिक तहका मिति २०८३ साल मंसिर मसान्तसम्म १८ बर्ष ननाघेका विद्यार्थी सहभागी गराउनु पर्नेछ।

२. विद्यार्थीको जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ।

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np

पूर्ण बहादुर बिश्वकर्मा
उप-सचिव